# आर्थिक सहायता तथा अनुदान सम्बन्धि कार्यविधि,२०८२

नगर कार्यापालिकामा प्रस्तुत मिति :२०८२/०५/०५ गते
मादी नगरकार्यपालिकाको कार्यालय
मादी,संखुवासभा
कोशी प्रदेश, नेपाल

नामथर : जिवन लिंथेप

पद : नगरप्रमुख

कार्यविधि पारित मिति : २०८२/०५/०५ गते

कार्यविधिको पृष्ठ संख्या : ११

सहिछाप :

कार्यविधि प्रमाणिकरण मिति : २०८२/०५/०८ गते

३

# आर्थिक सहायता तथा अनुदान कार्यविधि,२०८२

प्रस्तावना — मादी नगरपालिका भित्र बसोबास गर्ने बिपन्न,अशक्त,प्राकृतिक प्रकोपबाट पीडित,सरकारी तथा गैर सरकारी संघ संस्थाहरुलाई प्रदान गरिने आर्थिक प्राविधिक,जिन्सी सहायता,अनुदान तथा लक्षित वर्गलाई आर्थिक सहायता प्रदान गरी उनीहरुको जीवनस्तर सुधार गर्न स्थानीय सरकार प्रति जनताको अपेक्षा र चाहानाको अभिवृद्धि संगै जनताका आधारभूत आवश्यकता परिपूर्ति गर्ने तर्फ स्थानीय सरकारले विविध कार्यक्रम संचालन गरि रहेको परिपेक्षयमा जनताका समस्या,विकासका आवश्यकता तथा भोगिरहेका कठिनाईहरुलाई सहज,सरल,छिटो छरितो प्रभावकारी ढगले संचालन गर्न,स्थानीय सरकार र जनता बिचको सम्वन्ध प्रगाढ बनाउनका साथै सरकार प्रति विश्वास अभिवृद्धि गर्न जनताको आशा र भरोसाको केन्द्रको रुपमा विकास गर्न,जनता र सरकार बीच आपसी समन्वय र सहकार्य बृद्धि गर्न मादी नगरपालिकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी यसलाई पारदर्शी,निष्पक्ष र प्रभावकारी बनाउन **आर्थिक सहायता तथा अनुदान सम्बन्धी कार्यविधि,२०८२** मादी नगरपालिकाको मिति २०८२/०५/०५ गते बसेको ५५ औ कार्यपालिका बैठकले स्वीकृत गरीएको छ।

## परिच्छेद — १
## प्रारम्भिक

१. सक्षिप्त नाम र प्रारम्भ

क) यो कार्यविधिको नाम — मादी नगरपालिकाको "**आर्थिक सहायता तथा अनुदान सम्बन्धी कार्यविधि,२०८२**" रहेको छ।

ख) यो कार्यविधि — कार्यपालिकाबाट स्वीकृत भएदेखि प्रारम्भ हुनेछ।

२) परिभाषा — विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) कार्यविधि भन्नाले - मादी नगरपालिकाको **आर्थिक सहायता सम्बन्धि कार्यविधि,२०८२** सम्झनु पर्दछ।

ग) "कार्यपालिक" भन्नाले मादी नगर कार्यपालिकालाई सम्झनु पर्दछ।

घ) "प्रमुख" भन्नाले मादी नगरपालिकाको प्रमुख सम्झनु पर्दछ।

ङ) "उप प्रमुख" भन्नाले मादी नगरपालिकाको उप प्रमुख सम्झनु पर्दछ।

च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले मादी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

छ) "बिषयगत समिति" भन्नाले मादी नगरपालिकाले गठन गरेको बिषयगत समिति सम्झनु पर्दछ।

जिवन लिंथेप
नगर प्रमुख

छ) "समिति" भन्नाले मादी नगरपालिकाको आर्थिक सहायता वितरण सम्बन्धि वितरण समिति सम्झनु पर्दछ।

ज) "बिषयगत शाखा" भन्नाले मादी नगरपालिकाको कार्यालय अन्तर्गतका सबै बिषयगत शाखा सम्झनु पर्दछ।

झ) "नगद सहायता"भन्नाले यस कार्यविधि बमोजिम कुनै कारणबाट पिडित नागरिकलाई सहयोग स्वरुप उपलब्ध गराईने नगद रुपैयालाई सम्झनु पर्दछ।

ञ) वस्तुगत सहायता"भन्नाले विभिन्न कारणले पिडित नागरिकलाई सहयोग स्वरुप उपल्बध गराईने बस्तुगत सामग्री सम्झनु पर्दछ।

ट) सदस्य सचिव"भन्नाले कार्यविधिमा तोकिए बमोजिमको कर्मचारी सम्झनु पर्दछ।

## परिच्छेद २

## आर्थिक सहायता उपलब्ध गराउने प्रकृया

३) निवेदन दिनु पर्ने र आर्थिक सहायता उपलब्ध गराईने

(क) मादी नगरपालिकाबाहिरबाट यस नगर पालिकामा आई बिभिन्न कारणले बेखर्ची भएका र मादी नगर पालिका भित्रका विपन्न,बेखर्ची भएका नागरीकले आर्थिक सहायता प्राप्त गर्नका लागि मादी नगर पालिका समक्ष अनुसुचि १ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।निवेदन दिने ब्यक्तिलाई बार्षिक विनियोजित बजेटको सिमाभित्र रही देहायबमोजिम आर्थिक सहायता उपलब्ध गराईनेछ।निवेदन साथ पेश भएको कागजातहरु तोकेको अधिकारीले जाँचबुझ गरी हेरी नगर प्रमुख समक्ष पेश गर्नु पर्नेछ र नगर प्रमुखले अवस्थाको आधारमा रु १० हजार रुपैया सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ।उल्लेखित रकम भन्दा बढी रकम आर्थिक सहायता वापत उपलब्ध गराउनु पर्ने देखिएमा नगर कार्यपालिकाको निर्णय अनुसार उपलब्ध गराउन सकिनेछ।

(ख) चरम आर्थिक अभाव भई परिवारको पालन पोषण गर्न र जीवन जीउनसमेत असमर्थ नागरिकले आर्थिक सहायता प्राप्त गर्नको लागि सम्बन्धित वडा कार्यालयको सिफारिस सहित अनुसुचि – १ (क) बमोजिमको ढाँचामा नगर कार्यापालिका समक्ष निवेदन दिनु पर्नेछ।निवेदन दिने ब्यक्तिलाई बार्षिक विनियोजित बजेटको सिमाभित्र रही देहायबमोजिम आर्थिक सहायता उपलब्ध गराईनेछ। निवेदन साथ पेश भएको कागजातहरु तोकेको अधिकारीले जाँचबुझ गरी हेरी नगर प्रमुख समक्ष

जिवन लिंथेप
नगर प्रमुख

पेश गर्नु पर्नेछ र नगर प्रमुखले आर्थिक अवस्थाको आधारमा रु ५० हजार रुपैया सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ। उल्लेखित रकम भन्दा बढी रकम आर्थिक सहायता वापत उपलब्ध गराउनु पर्ने देखिएमा नगर कार्यपालिकाको निर्णय अनुसार उपलब्ध गराउन सकिनेछ।

(ग) रोग लागि चरम आर्थिक अभावका कारण त्यस्तो रोगको उपचार गर्न असमर्थ भए त्यस्तो नागरिकलाई आर्थिक सहायता प्राप्त गर्नको लागि वडा कार्यालयको सिफारिस सहित अनुसुचि — १ (ख) बमोजिमको ढाँचामा चिकित्सकले दिएको प्रेष्क्रिप्शनसहित मादी नगर पालिका समक्ष निवेदन दिनु पर्ने छ। निवेदन दिने व्यक्तिलाई बार्षिक विनियोजित बजेटको सिमाभित्र रही देहायबमोजिम आर्थिक सहायता उपलब्ध गराईनेछ। निवेदन साथ पेश भएको कागजातहरु तोकेको अधिकारीले जाँचबुझ गरी हेरी नगर प्रमुख समक्ष पेश गर्नु पर्नेछ र नगर प्रमुखले रोगको अवस्थाको आधारमा रु ५० हजार रुपैया सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ। उल्लेखित रकम भन्दा बढी रकम आर्थिक सहायता वापत उपलब्ध गराउनु पर्ने देखिएमा नगर कार्यपालिकाको निर्णय अनुसार उपलब्ध गराउन सकिनेछ।

(घ) शैक्षिक सहयोग आर्थिक रुपले कमजोर तर जेहेनदार बिधार्थीहरुलाई छात्रबृत्ति प्रदान गर्नको लागि बिधालय,वडा कार्यालय र शिक्षा शाखाको सिफारिस सहित निवेदन दिनु पर्ने छ। निवेदन दिने व्यक्तिलाई बार्षिक विनियोजित बजेटको सिमाभित्र रही देहायबमोजिम आर्थिक सहायता उपलब्ध गराईनेछ। निवेदन साथ पेश भएको कागजातहरु तोकेको अधिकारीले जाँचबुझ गरी हेरी नगर प्रमुख समक्ष पेश गर्नु पर्नेछ र नगर प्रमुखले शैक्षिक अवस्थाको आधारमा रु ५० हजार रुपैया सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ। उल्लेखित रकम भन्दा बढी रकम आर्थिक सहायता वापत उपलब्ध गराउनु पर्ने देखिएमा नगर कार्यपालिकाको निर्णय अनुसार उपलब्ध गराउन सकिनेछ।

ङ) कडा रोग लागि चरम आर्थिक अभावका कारण त्यस्तो रोगको उपचार गर्न असमर्थ भए त्यस्तो नागरिकलाई आर्थिक सहायता प्राप्त गर्नको लागि वडा कार्यालयको सिफारिस सहित(मृगौलारोग,मुटुरोग,क्यान्सर,पार्किन्सन्स,अल्जाइमर,स्पाइनलइनजुरी,हेडइन्जुरी,कलेजो,अप्लाष्टि एनिमिया,थालिसिमिया,मस्तिष्कघात)को उपचार सहुलियत रकम सम्बन्धित समितिमा उपलब्ध गराउनु पर्ने छ। निवेदन दिने व्यक्तिलाई बार्षिक विनियोजित बजेटको सिमाभित्र रही देहायबमोजिम आर्थिक सहायता उपलब्ध गराईनेछ। निवेदन साथ पेश भएको कागजातहरु तोकेको अधिकारीले जाँचबुझ गरी हेरी नगर प्रमुख समक्ष पेश गर्नु पर्नेछ र नगर प्रमुखले कडा रोगको अवस्थाको

जिवन लिंथेप
नगर प्रमुख

आधारमा रु ५० हजार रुपैया सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ। उल्लेखित रकम भन्दा बढी रकम आर्थिक सहायता वापत उपलब्ध गराउनु पर्ने देखिएमा नगर कार्यपालिकाको निर्णय अनुसार उपलब्ध गराउन सकिनेछ।

च) **घरदेखि घाट सम्म कार्यक्रम** — मादी नगरपालिकाभित्र स्थायी बसोबास गरी रहेका परिवारका सदस्यहरुको मृत्यु हुँदा प्रति परिवार काज क्रिया गर्न वडा कार्यालय वा मादी नगरपालिकाले बार्षिक विनियोजित बजेटको सिमाभित्र रही देहायबमोजिम आर्थिक सहायता उपलब्ध गराईनेछ। निवेदन साथ पेश भएको कागजातहरु तोकेको अधिकारीले जाँचबुझ गरी हेरी वडा कार्यालयको सिफारिस र वडा समितिको निर्णय बमोजिम रु १० हजार रुपैया सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ। उल्लेखित रकम भन्दा बढी रकम आर्थिक सहायता वापत उपलब्ध गराउनु पर्ने देखिएमा नगर कार्यपालिकाको निर्णय अनुसार उपलब्ध गराउन सकिनेछ।

## परिच्छेद — ३
## समिति गठन

४) कार्यान्वयन समिति — (१) आर्थिक रुपले विपन्न नागरिकलाई कडा रोग उपचार सहुलियत रकम उपलब्ध गराउने प्रयोजनका लागि सिफारीस गर्न निम्न अनुसारको सिफारीस समिति गठन हुनेछ।

क) नगर प्रमुख — संयोजक

ख) नगर उप प्रमुख — सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत — सदस्य

ङ) स्वास्थ्य शाखा प्रमुख — सदस्य सचिव

२) उपदफा (४) बमोजिमको समितिले उल्लेखित विवरणहरु एकिन गरी कारण र प्रमाणका आधारमा उपचार सहुलियत रकम उपलब्ध गराउने वा नगराउने निर्णय गरी सो निर्णयको प्रमाणित प्रतिलिपिसहित सिफारीस गर्नु पर्नेछ। छनोट भएका व्यक्ति वा एकासंगोलको घरपरिवारको सदस्यले निवेदन मादी नगर पालिका समक्ष पेश गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिको बैठक संयोजकले तोकेको समय र स्थानमा बस्नेछ। समितिको बैठक सञ्चालन सम्बन्धि कार्यविधि समितिले तोके बमोजिम हुनेछ।

(४) समितिको बैठक बस्दा बैठक भत्ता,पानी र खाजा खर्च मादी नगरपालिकाको कार्यसञ्चालन निर्देशिका बमोजिम हुनेछ।

जिवन लिथेप
नगर प्रमुख

## परिच्छेद — ४
## अनुदान सहायता सम्बन्धी व्यवस्था

(५) नगरपालिकाबाट बिभिन्न संस्थाहरुलाई उपलब्ध गराइने अनुदान देहाय बमोजिम हुनेछ। संघीय तथा प्रदेश सरकारको अनुदानबाट संञ्चालित कार्यक्रमको हकमा सो कार्यक्रमको लागि तयार गरीएको कार्यविधि तथा निर्देशिकाबमोजिम नै हुनेछ।

क) कार्यक्रम अनुदान —

- खेलकुद प्रतियोगिता /कार्यक्रम सम्बन्धी
- सामाजिक,धार्मिक तथा सास्कृतिक कार्यक्रम सम्बन्धि व्यवस्था
- पर्यावरण संरक्षण कार्यक्रम सम्बन्धि व्यवस्था
- क्षमता विकास तथा जनचेतनामूलक कार्यक्रम सम्बन्धि व्यवस्था
- शैक्षिक कार्यक्रम सम्बन्धि व्यवस्था
- नगर पालिका बाहिरका प्रतियोगितामा सहभागि सम्बन्धि व्यवस्था
- संस्थागत अनुदान सम्बन्धि व्यवस्था

**खेलकुद प्रतियोगिता /कार्यक्रम सम्बन्धी** — नगर पालिका भित्र आयोजना हुने खेलकुद प्रतियोगिताका लागि सहयोग माग गर्दा देहाय बमोजिमका कागजातहरु सहित पेश गर्नु पर्नेछ। अनुदानको लागि बार्षिक विनियोजित बजेटको सिमाभित्र रही देहायबमोजिम अनुदान सहायता उपलब्ध गराईनेछ निवेदन साथ पेश भएको कागजातहरु तोकेको अधिकारीले जाँचबुझ गरी हेरी नगर प्रमुख समक्ष पेश गर्नु पर्नेछ र नगर प्रमुखले अवस्थाको आधारमा रु १ लाख रुपैया सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ। उल्लेखित रकम भन्दा बढी रकम अनुदान सहायता वापत उपलब्ध गराउनु पर्ने देखिएमा नगर कार्यपालिकाको निर्णय अनुसार उपलब्ध गराउन सकिनेछ।

- ✓ खेलकुद प्रतियोगिता संञ्चालनको कुल लागत सहितको प्रस्तावना र रकम माग गरीएको पत्र
- ✓ प्रतियोगिता संचालनमा साझेदार संघ/संस्थाको विवरण र अनुमानित साझेदारी रकम
- ✓ पालिकामा क्लबको दर्ता,नवीकरण प्रमाण पत्र,कर चुक्ता प्रमाण पत्र,अडिट रिपोर्ट
- ✓ वडा कार्यालयको सिफारिस
- ✓ सम्बन्धित क्लबको आर्थिक सहयोग माग गर्ने निर्णय

निर्मन लिंथेप
नगर प्रमुख

- ✓ लागत अनुमान र कुल लागतको ५० प्रतिशतले हुन आउने रकम साझेदारी गर्ने प्रतिबद्धता

**सामाजिक,धार्मिक तथा सास्कृतिक कार्यक्रम सम्बन्धि ब्यवस्था-** सामाजिक,धार्मिक तथा सास्कृतिक कार्यक्रम संचालन गर्न निम्न विवरण खुलेको प्रस्तावना पेश गर्नु पर्नेछ। अनुदानको लागि बार्षिक विनियोजित बजेटको सिमाभित्र रही देहायबमोजिम अनुदान सहायता उपलब्ध गराईनेछ। निवेदन साथ पेश भएको कागजातहरु तोकेको अधिकारीले जाँचबुझ गरी हेरी नगर प्रमुख समक्ष पेश गर्नु पर्नेछ र नगर प्रमुखले अवस्थाको आधारमा रु ५० हजार रुपैया सम्म, अनुदान सहायता उपलब्ध गराउन सकिनेछ। उल्लेखित रकम भन्दा बढी रकम अनुदान सहायता वापत उपलब्ध गराउनु पर्ने देखिएमा नगर कार्यपालिकाको निर्णय अनुसार उपलब्ध गराउन सकिनेछ।

- ✓ कार्यक्रमको पृष्ठभूमि र उदेश्य
- ✓ अपेक्षित उपलब्धि
- ✓ कार्यक्रम संचालन हुने स्थान,मिति र समय
- ✓ लागत अनुमान र कुल लागतको ३० प्रतिशतले हुन आउने रकम साझेदारी गर्ने प्रतिबद्धता
- ✓ सहभागि संख्या र विवरण

**नगर पालिका बाहिरका प्रतियोगितामा सहभागि सम्बन्धि ब्यवस्था —** मादी नगर पालिका बाहिर खेलकुद प्रतियोगितामा सहभागि हुन जाने खेलाडिहरुको लागि अनुदानको लागि बार्षिक विनियोजित बजेटको सिमाभित्र रही देहायबमोजिम अनुदान सहायता उपलब्ध गराईनेछ। निवेदन साथ पेश भएको कागजातहरु तोकेको अधिकारीले जाँचबुझ गरी हेरी नगर प्रमुख समक्ष पेश गर्नु पर्नेछ र नगर प्रमुखले अवस्थाको आधारमा सहभागि टिमको लागि रु २५ हजार रुपैया सम्म, उपलब्ध गराउन सकिनेछ। उल्लेखित रकम भन्दा बढी रकम अनुदान सहायता वापत उपलब्ध गराउनु पर्ने देखिएमा नगर कार्यपालिकाको निर्णय अनुसार उपलब्ध गराउन सकिनेछ।

- ➢ सहभागि हुनको लागि पठाएको पत्र
- ➢ बिल भरपाई
- ➢ सहभागि फोटाहरु

**अन्य अनुदान** - पर्यावरण संरक्षण कार्यक्रम सम्बन्धि ब्यवस्था,क्षमता बिकास तथा जनचेतनामूलक कार्यक्रम सम्बन्धि ब्यवस्था,शैक्षिक कार्यक्रम सम्बन्धि ब्यवस्था,संस्थागत अनुदानको लागि बार्षिक विनियोजित बजेटको सिमाभित्र रही देहायबमोजिम अनुदान सहायता उपलब्ध गराईनेछ। निवेदन साथ पेश भएको कागजातहरु तोकेको अधिकारीले जाँचबुझ गरी हेरी नगर प्रमुख समक्ष पेश गर्नु

जिवन लिंथेप
नगर प्रमुख

पर्नेछ र नगर प्रमुखले अवस्थाको आधारमा रु २५ हजार रुपैया सम्म, अनुदान सहायता उपलब्ध गराउन सकिनेछ। उल्लेखित रकम भन्दा बढी रकम अनुदान सहायता वापत उपलब्ध गराउनु पर्ने देखिएमा नगर कार्यपालिकाको निर्णय अनुसार उपलब्ध गराउन सकिनेछ।

- ✓ कार्यक्रमको पृष्ठभूमि र उदेश्य
- ✓ अपेक्षित उपलब्धि
- ✓ कार्यक्रम संचालन हुने स्थान,मिति र समय
- ✓ लागत अनुमान र कुल लागतको ३० प्रतिशतले हुन आउने रकम साझेदारी गर्ने प्रतिबद्धता
- ✓ सहभागि संख्या र विवरण
- ✓ वडा कार्यालयको सिफारिस/निर्णय

## परिच्छेद — ५
## विविध

६) **बजेट व्यवस्थापन** — यस कार्यविधि बमोजिम बार्षिक रुपमा आर्थिक सहायता तथा अनुदान र औषधी उपचार खर्च उपलब्ध गराउन लाग्ने अनुमानित खर्च रकम बार्षिक बजेटमा व्यवस्था गर्नुपर्नेछ।

७) **अभिलेख व्यवस्थापन** — यस कार्यविधि बमोजिम उपलब्ध गराइएको आर्थिक सहायता र औषधी उपचार खर्च सम्बन्धि अभिलेख प्रचलित कानुनबमोजिम व्यवस्थित गरी राखनुपर्नेछ।

८) **दोहोरो सहायता नदिने** — कुनै पनि ब्यक्तिहरुलाई एउटै प्रयोजनको लागि,कडा रोगमा दोहोरो पर्ने गरी र स्वास्थ्य बिमाले दिने क्षतीपूर्तिसँग दोहोरो हुने गरी औषधी उपचार खर्च यस कार्यविधि बमोजिमको आर्थिक सहायता उपलब्ध गराईने छैन।

९) **झुटा विवरण पेश गरी आर्थिक सहायता लिन नहुने** — कसैले झुटा विवरण पेश गरी मादी नगरपालिका र वडा कार्यालयलाई झुक्काई आर्थिक सहायता वा औषधी उपचार खर्च लिन हुदैन। यसरी आर्थिक सहायता वा औषधी उपचार खर्च लिएको पाइएमा त्यस्तो रकम सरकारी बाँकी सरह असुलउपर गरिनेछ।

१०) **प्रचलित कानुन बमोजिमको सुविधामा असर नपर्ने** — यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भएता पनि प्रचलित कानुन बमोजिम उपलब्ध हुने सुविधा प्राप्त गर्न कुनै बाधा मानिने छैन।

जिवन लिंथेप
नगर प्रमुख

११) कार्यविधिको व्याख्या गर्ने वा बाधा अडकाउ फुकाउने अधिकार — कार्यविधिको कार्यान्वयनको शिलशिलामा कुनै द्विविधा हुन गएमा सोको व्याख्या वा बाधा अडकाउ फुकाउने अधिकार कार्यपालिकालाई हुनेछ।

१२) प्रचलित कानुन बमोजिम हुने — आर्थिक सहायता सम्बन्धित बिषयमा यस कार्यविधिमा उल्लेख भएका कुराहरुमा यसै बमोजिम र अन्य कुराहरुमा प्रचलित कानुन बमोजिम हुने छ।

जिवन लिंथेप
नगर प्रमुख

अनुसूची — १

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

बेखर्चीले पेश गर्ने निवेदनको ढाँचा

श्रीमान नगर प्रमुख ज्यू
माादी नगर कार्यापालिकाको कार्यालय
मादी,संखुवाभा कोशी प्रदेश नेपाल

म देहाय बमोजिमको अवस्थामा परी बेखर्ची भई आफ्नो घर फर्कन नसक्ने अवस्थामा परी असजिलो भएकोले आर्थिक सहायता पाउन यो निवेदन पेश गरेकोछु।

१. नामथर-
२. स्थायी ठेगाना-
३. घर छाडेको मिति-
४. घर छाडनुको कारण-
५. बुबाको नाम,थर-
६. आमाको नाम,थर-
७. पति/पत्नीको नाम,थर-
८. छोरा/छोरी नाम,थर-
९. घर फर्कन लाग्ने अनुमानित खर्च रकम-
१०) नागरीकता/राष्ट्रिय परिचय पत्रको प्रतिलिपि

नाम,थर-
दस्तखत
मिति-
सम्पर्क नम्बर-

जिवन लिंबेप
नगर प्रमुख

अनुसूची — १(क)
(दफा ३ को उपदफा (२) सँग सम्बन्धित)
चरम आर्थिक अभाव भएका व्यक्तिले पेश गर्ने निवेदनको ढाँचा

श्रीमान नगर प्रमुख ज्यू
मादी नगर कार्यापालिकाको कार्यालय
मादी,संखुवाभा कोशी प्रदेश नेपाल

विषय- आर्थिक सहायता पाँउ भन्ने बारे।

मेरो घरको आर्थिक अवस्था कमजोर भएकाले मलाई जीवन यापन गर्न र पारीवारको भरण पोषणमा समस्य भएकोले एक पटकको लागि रु     आर्थिक सहायता पाउन देहाय बमोजिमको विरण सहित  यो निवेदन पेश गरेकोछु।

१) नामथर-
२) स्थायी ठेगाना-
३) परिवार संख्या -
४) बुबाको नाम,थर-
५) आमाको नाम,थर-
६) पति/पत्नीको नाम,थर-
७) छोरा/छोरी संख्या —
८) घर भए नभएको-
९) जग्गा/भए नभएको भए कति भएको(रोपनि)-
१०) बैदेशिक रोजगारी गएका/जागिरमा रहेको
११) आर्थिक सहायता उपलब्ध भएकै प्रयोजनमा खर्च गर्नु हुन्छ-
१२) आर्थिक सहायता उपलब्ध नभए के गर्नु हुन्छ-
१३) पेश गर्नु पर्ने कागजातहरु — क) नागरीकता वा राष्ट्रिय परिचय पत्र
ग) वडा कार्यालयको सिफारीस पत्र

माथि लेखिएका व्यहोरा ठीक साँचो छ झुट्टा ठहरे कानुन बमोजिम सहुला बुझाउला।

नाम,थर-
दस्तखत
मिति-
सम्पर्क नम्बर-

जिवन लिम्बु
नगर प्रमुख

अनुसूची – १(ख)

(दफा ३ को उपदफा (३) सँग सम्बन्धित)

आर्थिक सहायता माग गर्दा पेश गर्ने निवेदनको ढाँचा

श्रीमान नगर प्रमुख ज्यू
मादी नगर कार्यापालिकाको कार्यालय
मादी,संखुवाभा कोशी प्रदेश नेपाल

बिषय- आर्थिक सहायता पाँउ भन्ने बारे।

मेरो घरको आर्थिक अवस्था कमजोर भएको हुदा मलाई रु      आर्थिक सहायता उपलब्ध गराई पाउन देहाय बमोजिमको विरण सहित  यो निवेदन पेश गरेकोछु।

१) नामथर-
२) स्थायी ठेगाना-
३) परिवार संख्या -
४) बुबाको नाम,थर-
५) आमाको नाम,थर-
६) पति/पत्नीको नाम,थर-
७) छोरा/छोरी संख्या –
८) अस्पतालको विवरण

| अस्पतालको नाम | उपचार मिति | खर्च भएको रकम |
|---|---|---|
| | | |

९) यस अघि वडा,नगर पालिका,प्रदेश र संघ सरकारबाट सहायता लिए नलिएको-
१०) जग्गा/भए नभएको भए कति भएको(रोपनि)-
११) बैदेशिक रोजगारी गएका/जागिरमा रहेको
१२) बार्षिक आम्दानि कति हुन्छ-
१३) आर्थिक सहायता उपलब्ध नभए के गर्नु हुन्छ-
१४) पेश गर्नु पर्ने कागजातहरु – क) नागरीकता वा राष्ट्रिय परिचय पत्र ख)वडा कार्यालयको सिफारीस पत्र (ग) रोग खुलेको चिकित्सकको प्रेस्किप्सन (घ) उपचार गराउदा भएको खर्चको बिल भरपाई

उपरोक्त ब्यहोरा ठीक साँचो छ। उपचार सहायता प्रयोजनका लागि मैले कुनै कुरा लुकएको छैन यदि ब्यहोरा प्रमाणित नभएमा मादी नगरपालिकाबाट लिएको उपचार खर्च सरकारी ब्याज र जरिमाना सहित बाकी सरह असुल उपर गरेमा मेरो मन्जुरी छ।

नाम,थर-
दस्तखत
मिति-
सम्पर्क नम्बर-

जिवन लिंगेप
नगर प्रमुख